बोलपत्र फारम नं. :-

# बुटवल उप-महानगरपालिका कार्यालय
# बुटवल, रुपन्देही ।

## लुम्बिनी बस टर्मिनल सञ्चालन/ ब्यवस्थापन (आय ठेक्का) सम्बन्धी

## बोलपत्र फारम

२०७३

(सूचना प्रकाशित मिति : २०७३/०३/२८)

# बुटवल उप महानगरपालिका कार्यालय, बुटवल

## *लुम्विनी बस टर्मिनल संचालन/व्यवस्थापन*

## आय ठेक्का सम्बन्धी वोलपत्र आव्हानको सूचना

***सूचना प्रकाशित मिति २०७३/०३/२८***

बुटवल उप महानगरपालिकाद्वारा संचालनमा रहेको वडा नं. ११ स्थित लुम्बिनी वस टर्मिनल, टर्मिनल क्षेत्र भित्र रहेको सार्वजनिक शौचालय तथा पसल क्वलहरु समेत समग्रमा एकीकृत प्याकेज (**हाल निर्माणाधीन अवस्थामा रहेको टर्मिनल भवन र सपिङ्ग कम्प्लेक्स भवन बाहेक**) को रुपमा ठेक्का बन्दोवस्त गरी निजी क्षेत्र मार्फत संचालन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधी भित्र रही उक्त बस टर्मिनल संचालन / व्यवस्थापनको कार्य गर्न इच्छुक, नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनीबाट (नियमानुसार प्रमाण पत्र नवीकरण भएको) रित पूर्वकको वोलपत्र आव्हान गरी सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

१. वोलपत्र फारम मिति २०७३/०४/२६ गते कार्यालय समय सम्म वुटवल उप महानगरपालिका कार्यालयको राजश्व शाखावाट रु ३,०००।- ( तीन हजार ) बुझाई (पछि फिर्ता नहुने) खरिद गर्न सकिनेछ । विद्युतीय (Electronically) बोलपत्र खरीद गर्न ईच्छुक बोलपत्रदाताले बोलपत्र दस्तुर वापत रु ३०००/- ( तीन हजार रुपैया मात्र) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैंक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उप महानगरपालिकाको कार्यालय कोड ३७-३६५-०३ खाता नं. ३१२०३०४०००४३ मा जम्मा गरी वा अन्य बैंक वा वित्तीय संस्थाबाट उक्त खातामा जम्मा हुने Tele Transfer गरि PPMO को Website:http//www.bolpatra.gov.np बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

२. वोलपत्र फारम मिति २०७३/०४/२७ गतेका दिन दिनको १२.०० बजे सम्म वुटवल उप महानगरपालिका कार्यालय बुटवलमा दाखिला गर्न सकिनेछ । साथै दर्ता हुन आएका वोलपत्रहरु (E-Submitted समेत) सोही दिन दिनको २.०० बजे बु.उ.म.न.पा.कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । E-bidding मार्फत बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले PPMO को Website http//www.bolpatra.gov.np मा भएको प्रावधान अनुसार बोलपत्र पेश गर्न सकिनेछ र विद्युतिय माध्यमबाट बोलपत्र पेश गर्ने फर्म,कम्पनीले बोलपत्र दाखिला गर्ने अन्तिम मितिको ७ दिन भित्र सक्कल डकुमेन्ट अनिवार्य पेश गर्नुपर्नेछ ।

३. वोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने दिन बिदा परे त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोलीपल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४. वोलपत्रदाताले वोलपत्र साथ आफुले कबोल गरेको कुल ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको कार्यालय कोड ३७-३६५-०३ स्थानीय निकाय धरौटी खाता नं. ३१२०३०३००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तीमा ७५ दिन म्याद भएको बु.उ.म.न.पा.का.को नाममा जारी गरिएको बैंक जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

५. वोलपत्र स्वीकृत भए पछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको कम्तीमा ठेक्का अवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

६. स्वीकृत शिलबन्दी बोलपत्र दाताले ठेक्का अंक भुक्तानी गर्दा कुल ठेक्का अंकलाई ५ किस्तामा बिभाजन गरी पहिलो किस्ता संझौता गर्दाकै वखत, दोस्रो किस्ता २०७३ फाल्गुण मसान्त भित्र, तेस्रो किस्ता २०७४ आषाढ मसान्त भित्र, चौथो किस्ता २०७४ कार्तिक मसान्त भित्र, पाचौ तथा अन्तिम किस्ता २०७४ फाल्गुण मसान्त भित्र वुझाउनु पर्नेछ । **कुल ठेक्का रकम २४ महिनाको न्यूनतम रु.२ करोड २०लाखमा सम्झौताका बखत ठेक्का अवधि र ठेक्का रकम मिलान गरिनेछ ।**

७. ठेक्का सम्झौतापछिको बुझाउन बांकी किस्ता रकम वरावरको ठेक्का अवधी सम्मको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

८. कबोल गरेको कुल ठेक्का रकम संझौता गर्दाकै वखत एकमुष्ठ वुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

९. टर्मिनल सेवा शुल्कको दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण वोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि बुटवल उप महानगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१०. बोलपत्र फारममा उल्लेखित पसल क्वाल बाहेक अन्य व्यवसाय प्रयोजनका लागि कुनै पनि संरचना थप गर्ने वा भुई पेटी वा खुल्ला क्षेत्रमा व्यवसायहरु थप गर्न पाईने छैन ।

११. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिकामा सुरक्षित रहनेछ ।

१२. नेपाल सरकारलाई बुझउनु पर्ने प्रचलित ऐन नियमानुसारको कर (मुल्य अभिबृद्धि कर, तथा अन्य कर) बोलपत्र दाता स्वयंले बुझउनु पर्नेछ ।

१३. अन्य कुराहरु स्थानीय स्वायत्त शासन ऐन, स्थानिय निकाय आर्थिक प्रशासन नियमावली र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम ठेक अंक (सरकारी कर बाहेक) | ठेक्का अवधी |
|---|---|---|---|
| १९/०७२/०७३ | लुम्बिनी वस टर्मिनलको, संचालन व्यवस्थापनको समग्र प्याकेज | २,२०,००,०००।- (दुई करोड बिस लाख) | २०७५ आषाढ मसान्तसम्म |

बुटवल उप महानगरपालिका कार्यालय,बुटवल

श्री

# बुटवल उप महानगरपालिका कार्यालय
# बुटवल, रुपन्देही

## लुम्बिनी बस टर्मिनल संचालन व्यवस्थापन (आय ठेक्का) सम्बन्धी

## बोलपत्र फारम

लुम्बिनी बस टर्मिनल संचालन व्यवस्थापन समग्र प्याकेज भन्नाले बुटवल उप महानगरपालिकाद्वारा निर्मित बु.उ.म.न.पा. वडा नं. ११ स्थित लुम्बिनी बस टर्मिनल (हाल निर्माणाधीन अवस्थामा रहेको टर्मिनल भवन र सपिङ्ग कम्प्लेक्स भवन बाहेक) सो भित्र रहेको सार्वजनिक शौचालय र विभिन्न प्रयोजनका लागि तल लेखिएका १२ वटा पसल कवालहरु बुझिनेछ । हाल निर्माणाधीन अवस्थामा रहेको टर्मिनल भवन र सपिङ्ग कम्प्लेक्स भवनको निर्माण सम्पन्न भएपछि बुटवल उपमहानगरपालिका बाट छुट्टै ठेक्का बन्दोवस्त गरिनेछ ।

१. बोलपत्र फारम मिति २०७३/०४/२७ गते दिनको १२.०० बजे सम्म बुटवल उप महानगरपालिका कार्यालयमा दाखिला गर्न सकिने छ । जसको नाममा बोलपत्र फाराम खरिद गरिएको हो, सोही नाममा बोलपत्र दाखिला हुनु पर्नेछ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे प्रतिनिधिको रोहवरमा बु.उ.म.न.पा.कार्यालयमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने र खोल्ने दिन बिदा परे त्यसपछि कार्यालय खुलेको दिन तोकिएको समयमा खरिद गर्ने र सोको भोलीपल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ

२. बोलपत्र खाम बाहिर **लुम्बिनी बस टर्मिनल संचालन व्यवस्थापनको बोलपत्र फाराम** भनि उल्लेख गरी लाहाछाप लगाई सोको संख्या र चिन्ह समेत उल्लेख गर्नु पर्नेछ ।

३. रीत नपुगेको, म्याद नाघी आएको र शर्त राखिएको वोलपत्र उपर कारवाही गरिने छैन।

४. अधिकार प्राप्त अधिकारीको हस्ताक्षर नभएको र बु.उ.म.न.पा.का.को छाप नलागेको वोलपत्र फारमलाई मान्यता दिइने छैन ।

५. **ठेक्का अवधी २०७५ आषाढ मसान्तसम्मको हुनेछ।**

६. न्युनतम कुल ठेक्का अंक (सरकारी कर बाहेक) रु.२,२०,००,०००। (दुई करोड बिस लाख ) मात्र रहेको छ।

७. स्वीकृत शिलबन्दी बोलपत्र दाताले ठेक्का अंक भुक्तानी गर्दा कुल ठेक्का अंकलाई ५ किस्तामा विभाजन गरी पहिलो किस्ता संभौता गर्दाकै वखत,दोस्रो किस्ता २०७३ फाल्गुण मसान्त भित्र, तेस्रो किस्ता २०७४ आषाढ मसान्त भित्र, चौथो किस्ता २०७४ कार्तिक मसान्त भित्र,पाचौ तथा अन्तिम किस्ता २०७४ फाल्गुण मसान्त भित्र बुझाउनु पर्नेछ। **कुल ठेक्का रकम २४ महिनाको न्यूनतम रु.२ करोड २०लाखमा सम्झौताका बखत ठेक्का अवधि र ठेक्का रकम मिलान गरिनेछ ।** कबोल गरेको कुल ठेक्का रकम संभौता गर्दाकै वखत एकमुष्ठ वुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

८. धरौटी रकम : बोलपत्रदाताले वोलपत्र साथ आफुले कबोल गरेको कुल ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको स्थानीय निकाय धरौटी कार्यालय कोड नं. ३७-३६५-०३ खाता नं. ३१२०३०३००००००३ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा बोलपत्र दाखिला गर्नुपर्ने

अन्तिम मितिले कम्तीमा ७५ दिन सम्म म्याद भएको बु.उ.म.न.पा.का.को नाममा जारी गरिएको बैंक जमानीपत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

९. बोलपत्र स्वीकृत भएपछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम बु.उ.म.न.पा.का.को धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको ठेक्का अवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

१०. ठेक्का सम्झौता भएपछिको बुझाउन बाँकी रहने किस्ता रकमका लागि ठेक्का अवधि सम्म मान्य हुने अवधिको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

११. नेपाल सरकारको नियमानुसार लाग्ने सम्पुर्ण कर (मुल्य अभिबृद्धिकर, आयकर, ठेक्का कर आदि) तथा शुल्कहरु समेत बोलपत्रदाता स्वयंले नै व्यहोर्नु/बुझाउनु पर्नेछ ।

१२. सम्झौता मान्य रहेको अवधिभर लुम्बिनी बस टर्मिनलबाट टर्मिनल सेवा शुल्क, शौचालय सेवा शुल्क र त्यहाँ संचालित १२ वटा पसलबाट प्राप्त हुने आम्दानी बु.उ.म.न.पा.ले तोके बमोजिमको दररेटमा नबढ्ने गरी उठाउने प्राप्त गर्ने अधिकार ठेकेदारको हुने छ ।

१३. सार्वजनिक यात्रुसेवामा चल्ने यातायात सेवाको Route देहाय बमोजिम निर्धारण गरिएको छ ।

क. **City Route** :– बु.उ.म.न.पा. क्षेत्रभित्र वडा नं. ९ को दिपनगर - आम्दा अस्पताल एवं वडा नं. १३ को देवीनगर - वाणिज्य क्याम्पस - योगीकुटी चल्ने सवारीसाधन नगर वस ।

ख. **Local Route:- बुट**वल उप महानगरसंग अत्यन्त निकटको तामनगर-सेमलार- फर्साटिकर, शंकरनगर, मणिग्राम सारदा चौक–रोहिणी, सुनवल, दोभानसम्मको ग्रामिण क्षेत्रलाई समेटी चल्ने सवारी साधनहरु र पश्चिममा चन्द्रौटा/कृष्णनगर तथा पुर्वमा बर्दघाट–त्रिवेणी–महेशपुरसम्म चल्ने सवारी साधनहरु ।

ग. **Short Route:-** उत्तरमा तानसेन, दक्षिणमा सुनौली, चल्ने साधनहरु ।

घ. **Long Route:-** माथि उल्लेखित क्षेत्र भन्दा बाहिर जाने सवारी साधनहरु ।

**१४. बस टर्मिनल सेवा शुल्क (भ्याट सहित) को दररेट :**

| सि.न | विवरण | सेवा शुल्क भ्याट सहित | कैफियत |
|---|---|---|---|
| १ | Long Route मा चल्ने Bus/Mini Bus/Micro Bus | रु. ५० प्रति पटक | |
| २ | Local Route मा चल्ने Bus/Mini Bus/Micro Bus | रु. ४० प्रति दिन | |
| ३ | Short Route मा चल्ने Bus/Mini Bus/Micro Bus | रु. २० प्रति पटक | |
| ४ | City Route मा चल्ने Bus/Mini/Micro Bus | रु. १५ प्रति दिन | |
| ५ | Long Route मा चल्ने टाटा सोमो, जीप आदी | रु. ३० प्रति पटक | |
| ६ | Local Route मा चल्ने टाटा सोमो, जीप आदी | रु. २० प्रति दिन | |
| ७ | Short Route मा चल्ने टाटा सोमो, जीप आदी | रु. १५ प्रति पटक | |
| ८ | City Route मा चल्ने टाटा सोमो, जीप आदी | रु. १० प्रति दिन | |
| ९ | निजी/भाडाका जीप तथा कार म्यान आदी | रु. १० प्रति पटक | |
| १० | सामान ढुवानीका लागि रिक्सा टर्मिनल प्रवेश गर्दा | रु. ५ प्रति पटक | |

**नोटः** क. City Route सेवामा चल्ने सवारी साधनलाई सम्वद्ध व्यवसायी संघको सिफारिसमा उक्त दिनका लागी बु.उ.म.न.पा.बाट निःशुल्क पास उपलव्ध गराउन सकिनेछ । तर आफु खुसी City Route मा चल्ने साधन संग भने तोकिएको शुल्क लिन सकिनेछ ।

ख. लुम्बिनी बस टर्मिनल नै अन्तिम पहुच विन्दु हुने गरी टर्मिनल भित्र यात्रु उतार्ने प्रयोजनका लागि प्रवेश गरी बिना नम्बर निस्कने साधनका लागि टर्मिनल सेवा शुल्क लिन पाइने छैन ।

१५. लुम्बिनी बस टर्मिनल भित्र संचालित शौचालय प्रयोग गरेबापत प्रति पटक प्रति ब्यक्ति दिशा/पिसाव गर्दा रु. ५.०० र नुहाउदा रु.१०.०० (भ्याट सहित) लिन पाईनेछ ।

१६. बु.उ.म.न.पा.द्धारा निर्मित लुम्बिनी बस टर्मिनल भित्र संचालित पसल क्वालहरुको दैनिक भाडा दर निम्न बमोजिम (भ्याट सहित) लिन पाईनेछ ।

| सि.नं | सटर कोठा विवरण | दैनिक भाडा रकम रु. | पसलको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना केन्द्र सेड कोठा नं. १ | २५० | पि.सि.ओ. | |
| २ | सूचना केन्द्र सेड कोठा नं.२ | ६०० | कोल्ड ड्रिंक्स | |
| ३ | सूचना केन्द्र सेड कोठा नं.३ | ५०० | कोल्ड ड्रिंक्स | |
| ४ | सूचना केन्द्र सेड कोठा नं.४ | ५०० | कोल्ड ड्रिंक्स | |
| ५ | सूचना केन्द्र सेड कोठा नं.६ | ६५० | कोल्ड ड्रिंक्स तथा नास्ता | |
| ६ | श्री एभरेष्ट होटेल | ७५० | नास्ता पसल | |
| ७ | मोबाईल मरमत | ३५० | मोबाईल मरमत | |
| ८ | पान पसल | ३०० | पान पसल | |
| ९ | होटेल | ६०० | नास्ता पसल | |
| १० | तारा होटेल | १००० | नास्ता पसल | |
| ११ | ब्याट्री सर्भिस | ३०० | ब्याट्री, टायर, | |
| १२ | वासिङ्ग | ३०० | वासिङ्ग सर्भिस | |

१७. बस टर्मिनल भित्र गाडी मर्मत गर्न/गराउन पाईने छैन तर Maintenance Block मा संचालकले समय अनुसार शुल्क लिई सामान्य मर्मतका लागि प्रयोग गर्न/गराउन सक्नेछ । तर उक्त ब्लक भित्र बु.उ.म.न.पा.का.को अनुमति बिना अन्य निर्माण कार्य गर्न/गराउन पाईने छैन ।

१८. बस टर्मिनल भित्र जडान भएका बिद्युत पानी र आफ्नो प्रयोगको टेलिफोन महशुल बुझाउने दायित्व संचालक स्वयंको हुनेछ साथै पसल क्वालहरुमा प्रयोग भएको बिद्युत पानीको शुल्क नियमानुसार संचालकले असुल गरी लिन सक्नेछ तर संचालकले महशुल नबुझाएमा वा विलम्व गरेमा लाग्ने थप शुल्क र जरिवाना समेत संचालकको धरौटीबाट कट्टा गरिनेछ ।

१९. संचालकले बस टर्मिनल संचालनका लागि आवश्यक पर्ने सम्पूर्ण कर्मचारीहरुको व्यवस्थापन, सरसफाई व्यवस्थापन (आवश्यक डष्टविन कण्टेनर आदि) बगैचाहरुको सुन्दरीकरण एवं गार्डेनिङ्ग तथा सिंचाई कार्यहरु, विजुली बत्तीहरुको व्यवस्था एवं मर्मत सम्भार नियमित रुपमा संचालक स्वयंले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

२०. संचालकले उल्लेख गरिए बमोजिम लिईने शुल्क, आम्दानी वाहेक अन्य कुनैपनि प्रकारका शुल्कहरु लिन पाइने छैन ।

२१. तोकिएका दररेटहरु घटाउने/बढाउने/परिमार्जन वा सरलीकरण गर्ने सम्पुर्ण अधिकार बु.उ.म.न.पा.मा रहने छ । तर दररेटको परिमार्जनबाट ठेक्कामा पर्न जाने अनुकुल, प्रतिकुल प्रभावलाई मूल्याङ्कन गरी सहमतिमा ठेक्का अकंमा मिलान गर्न सकिनेछ ।

२२. शौचालयमा प्रयोग हुने विद्युत पानी किटनासक जस्ता आवश्यक औषधि, सेफ्टी टैंकीको सफाई, आवश्यक जनशक्तिहरुको खर्च संचालक आफैले गर्नु/व्यहोर्नु पर्नेछ। शौचालयको सेवा निरन्तर रुपमा संचालन गर्नुपर्नेछ। कुनै पनि कारणबाट शौचालय सेवा रोक्न/बन्द गर्न पाईने छैन।

२३. सार्वजनिक यात्रुसेवामा चल्ने सम्पूर्ण सवारी साधनहरु (जीप,मिनी बस,माइक्रोबस,बस) लुम्बिनी बस टर्मिनलवाटै सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। अर्को व्यवस्था नहुन्जेलसम्म हाल उ.म.न.पा.ले तोकेको वडा नं. ५ गोलपार्क स्थित मिनिवस स्टेशन व्यवस्थापन गरी तोकिएको शुल्क लिन पाइनेछ।

२४. **Long Route** मा चल्ने गाडीहरु **City Area** भित्र जथाभावी रोकी यात्रुहरु ओराल्ने र चढाउने प्रवृतिलाई नियन्त्रण गर्ने तथा अन्य **Route** मा चल्ने गाडीका लागि नगरक्षेत्रभित्र ट्राफिक प्रहरी प्रशासन तथा सम्बन्ध व्यवसायीहरुको समन्वयमा आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

२५. ट्याक्सी पार्किङ्गका लागि बस टर्मिनल भित्र रहेको ट्याक्सी पार्किङ्ग क्षेत्र स:शुल्क र रिक्साका हकमा शुल्क नलिईकन बस टर्मिनल बाहिर स्थान तोकि पार्किङ्गको व्यवस्था मिलाउन सकिनेछ।

२६. जनचेतना अभिबृद्धि मुलक कार्यक्रमका लागि त्यस्तो सेवा संचालन गर्ने पक्षलाई उ.म.न.पा.ले समय अवधि तोकि शुल्क लिई वा नलिई टर्मिनल भित्र ठाँउ उपलब्ध गराउन सक्नेछ। सोको व्यवस्थापन सञ्चालकले मिलाउनु पर्नेछ।

२७. टर्मिनलमा क्यु नम्बरमा बस्ने वाहेक पछि क्यु नम्वर आउछ भन्ने वहानामा वा अन्य कुनै पनि उद्देश्यले लामो समयसम्म गाडि पार्किङ्ग गर्न/गराउन पाइने छैन।

२८. बोलपत्र फारममा उल्लेखित पसल क्वाल बाहेक अन्य व्यवसाय प्रयोजनका लागि कुनै पनि संरचना थप गर्ने वा भुई पेटी वा खुल्ला क्षेत्रमा व्यवसायहरु थप गर्न पाईने छैन।

२९. सम्झौता बमोजिम टर्मिनल संचालनमा संचालकलाई कुनै किसिमबाट बाधा व्यावधान हुने/पर्ने गरी उ.म.न.पा.बाट निर्देशन वा हस्तक्षेप गरिने छैन। तर सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा दिएको निर्देशनलाई बाधा ब्यावधान गरेको मानिने छैन। संचालकको कार्यमा बाधा नपर्ने गरी जुन सुकै समयमा निरिक्षण गर्न सकिनेछ। निरिक्षणमा आवश्यक सहयोग पुर्‍याउनु संचालकको कर्तव्य हुनेछ।

३०. बस टर्मिनलभित्र निर्मित सम्पुर्ण संरचनाहरुको रेखदेख संरक्षणको जिम्मा संचालकको हुनेछ। निर्माण गरिएका In Built Drawing अनुरुपका संरचनाहरु तोडफोड आदि भएमा वा गरिएमा संचालकले आफ्नै खर्चमा मर्मत/संभार गरिदिनु पर्नेछ। कुनै पनि कारणबाट ठेक्का छोड्दाका बखत हाल मौजुदा भौतिक संरचनाहरु दुरुस्त अवस्थामा बुझाउनु पर्नेछ। अन्यथा सोको क्षतिपुर्ति तिर्नु पर्ने छ।

३१. ***विशेष परिस्थिति :*** कुनै कारणबाट बुटवल क्षेत्रमा दिनभरी नै सार्वजनिक यातायातको सेवा सञ्चालन हुन नसकी बस टर्मिनलबाट टर्मिनल सेवा शुल्क अशुल हुन नसकेको अवस्थामा ठेक्का रकमको दामासाहीले हुने रकम ठेक्का किस्तामा मिलान वा फिर्ता दिइने छ। संचालकले त्यस्तो बन्द रहदाकै बखत मौखिक र बन्द खुलेको मितिले २४ घण्टा भित्र बन्दको कारण खुलाई लिखित सूचनाबाट उ.म.न.पा. कार्यालयमा जानकारी गराउनु पर्नेछ। जानकारी नगराएको अवस्थामा छुट दिन उ.म.न.पा. बाध्य हुने छैन। अन्यत्रको बन्द प्रभावको जिकिरमा त्यस्तो छुट दिईने छैन।

३२. टर्मिनल सेवा शुल्क तिरे नतिरेको चेक जाँचको वाहानामा मुल सडकमा बसी सडक अवरोध गरी टर्मिनल सेवा शुल्क लिन पाईने छैन।

३३. कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई लिखित सूचना दिई समाधानका लागि पहल गर्नु पर्नेछ । तर समस्या वा बिवाद उत्पन्न भएकै कारण, अवस्था र समयलाई ठेक्का बदर भएको र जिम्मेवारी नरहेको अवस्था वा अवधी मानिने छैन ।

३४. प्रचलित कानून विपरित ठहरिने कुनै पनि कार्य गर्न/गराउन पाइने छैन ।

३५. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार बु उ.म.न.पा.मा सुरक्षित रहनेछ ।

३६. अन्य कुराहरु बु.उ.म.न.पा.का.को निर्णय एवं स्थानीय स्वायत्त शासन ऐन, नियमावली, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

३७. ***बोलपत्रदाताले बुटवल उप महानगरपालिका लाई बुझाउन (सरकारी कर बाहेक) कबोल गरेको कूल ठेक्का रकम***

**अंकमा :** रु.....................................................................

**अक्षरमाः** रु. ....................................................................

(बोलपत्रदाताले भरेको अंक र अक्षरमा फरकपरेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।)

३८. बोलपत्र दाताले राखेको धरौटी रकम :

**अंकमा :** रु.......................................................................................

**अक्षरुपी** : रु ...................................................................................................

माथि उल्लेखित सम्पुर्ण शर्त नियम तथा प्रावधानहरु पढी बुझि सोही परिधिभित्र रही उक्त लुम्बिनी बस टर्मिनलको संचालन व्यवस्थापन सम्बन्धी कार्य गर्न मञ्जुर गरी यो बोलपत्र फाराम भरी पेश गरेको छु ।

| | |
|---|---|
| बोलपत्रदाता फर्मको नाम : | अधिकार प्राप्त व्यक्तिको |
| फर्म/कम्पनीको ठेगाना : | नाम थर : |
| संचालकको नाम : | स्थायी ठेगानाः |
| संचालकको स्थायी ठेगाना : | (सम्पर्क) ठेगानाः |
| सम्पर्क ठेगाना र फोन नं.: | ना.प्र.नं. : |
| ना.प्र.नं. : | फोन नं. : |
| पिता/पतिको नाम : | सहि छाप : |
| सहि छाप : | |

**इति सम्बत् २०७३ साल ........... महिना ... गते रोज ... मा शुभम् ।**